कम्प्युटर एसोसिएसन नेपाल महासंघ

(**Federation of Computer Association Nepal**)

को

जिल्ला शाखा कार्यप्रणाली निर्देशिका

२०७१

पृष्ठभूमि :

कम्प्युटर एसोसियसन नेपाल महासंघको प्रस्तावना, उदेश्य र मुल मर्मलाई जिल्ला तहदेखि नै आत्मसात गर्दै जिल्ला शाखाहरुलाई व्यवस्थित रुपमा संचालन गर्न वान्छनीय भएकोले यो जिल्ला शाखा संचालन कार्यविधि निर्देशिका २०७१ तयार गरिएको छ । यदि कुनै व्यवस्था महासंघको विधान प्रतिकूल भएमा वा प्रचलित कानुनसँग मेल नखाने भएमा सो व्यवस्था स्वत: खारेज भएको मानिने छ ।

१. **नाम र प्रारम्भ :**

यस निर्देशिकाको नाम जिल्ला शाखा संचालन कार्यविधि निर्देशिका २०७१ रहने छ । यो निर्देशिका केन्द्रीय कार्य समितिले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :**

महासंघ:	महासंघ भन्नाले कम्प्युटर एसोसिएसन नेपाल महासंघलाई जनाउने छ ।
विधान:	विधान भन्नाले क्यान महासंघको विधान २०७० लाई जनाउने छ ।
केन्द्र:	केन्द्र भन्नाले कम्प्युटर एसोसिएसन नेपाल महासंघको केन्द्रीय कार्यालयलाई जनाउने छ ।
निर्देशिका:	निर्देशिका भन्नाले क्यान महासंघले जिल्ला शाखाहरुलाई व्यवस्थित गर्न तयार गरेको जिल्ला शाखा संचालन कार्यविधि निर्देशिकालाई जनाउने छ ।
केन्द्रीय समिति:	केन्द्रीय समिति भन्नाले क्यान महासंघको विधानको दफा १७ बमोजिम गठित केन्द्रीय कार्य समितिलाई जनाउने छ ।
शाखा:	शाखा भन्नाले क्यान महासंघको विधानको दफा १८ बमोजिम गठित जिल्ला शाखालाई जनाउने छ ।
साधारण सभा :	साधारण सभा भन्नाले जिल्ला शाखामा प्रत्येक वर्ष हुने साधारण सभालाई जनाउने छ ।

३. **उद्देश्य :**

निर्देशिकाको मुख्य उदेश्यहरु निम्न बमोजिम हुनेछन् ।

क) महासंघको उदेश्यलाई जिल्ला तहदेखि नै कार्यान्वयन गर्न जिल्ला शाखालाई व्यवस्थित रुपले संचालन गर्ने,

ख) सबै जिल्ला शाखाका सदस्यहरुलाई महासंघ तथा जिल्ला शाखा प्रति उत्तरदायी बनाउने,

ग) जिल्ला शाखाहरुलाई परिचालन गर्दै स्थानीय स्रोत साधानहरुको उच्चतम प्रयोग गरी शाखाको संस्थागत विकासमा टेवा पुऱ्याउने ।

खण्ड - क
वैधानिक व्यवस्था

१. कम्प्युटर एसोसिएसन नेपाल महासंघको विधान, २०७० को प्रस्तावना र जिल्ला शाखासम्बन्धी व्यवस्थालाई हेर्दा:

क) वर्तमान विश्वले अंगिकार गरेको सूचना तथा सञ्चार प्रविधिको अत्यधिक विकास र विस्तारलाई समसामयिक रूपमा मनन गर्ने,

ख) नेपाल राज्य तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यसको व्यापकतालाई समेट्ने गरी पेशागत तथा व्यावसायिक हक हित कायम राख्न कम्प्युटर विज्ञानको क्षेत्र विस्तार गर्ने,

ग) सूचना तथा सञ्चार प्रविधिको विकासलाई प्रमुख प्राथमिकता दिई यस क्षेत्रमा समर्पित हरेक वर्ग, व्यवसायी तथा सम्बन्धित निकाय र उपभोक्ता वर्ग समेतका बीचमा समन्वय तथा समझदारी बढाई विश्वसनीय वातावरण सिर्जना गर्ने, र

घ) कम्प्युटर र सूचना तथा सञ्चार प्रविधि विकासको क्षेत्रमा देखा परेका समस्या र असुविधाहरू हटाई सम्बन्धित सबै पक्षलगायत भावी पिंढीसमेतमा सहजतापूर्वक सन्तोषजनक सुविधा उपलब्ध गराउने । उक्त उद्देश्यबाट अभिप्रेरित भई सूचना तथा सञ्चार प्रविधिको विकास

विस्तार एवं यस क्षेत्रमा लागेका व्यक्ति तथा संघसंस्थाहरूको हक हितको संरक्षण गर्न देशको मूल कानुनले तय गरेका भौगोलिक बनावटअनुरूपसमेत क्यान महासंघको संगठनात्मक संरचना खडा गर्ने प्रतिबद्धतासाथ संस्था दर्ता ऐन, २०३४ बमोजिम विधान तर्जुमा भएकाले, नेपालभर यस संस्थाको कार्यक्षेत्र रहेको र नियमानुसार जिल्लामा जिल्ला शाखा वा कार्यक्षेत्र विस्तार गर्न सकिने भएकाले,

विधानको परिच्छेद ६ अनुसार गठन हुने ***जिल्ला शाखाहरूको कामकारबाहीलाई विधानको व्यवस्था तथा आशयअनुरूप सहज कार्यान्वयन गर्न गराउन मार्गदर्शन होस् भन्ने मनशायले*** विधानको दफा २ (ञ), दफा ७ को व्यवस्था र **मूलतः परिच्छेद ६ को दफा १९ घ को अधीनमा रही केन्द्रीय समितिले यो निर्देशिका बनाई लागू गरेको छ ।** यो निर्देशिका तत्काल लागू हुनेछ । :

२. कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) का उद्देश्य र कामहरू(विधानको परिच्छेद २, दफा४ र ५ अनुसार)

यस महासंघकोमूल उद्देश्य तथा कार्यहरू देहायबमोजिम हुनेछन् :-

(क) नेपाल राज्यभर कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको उपयोग, विकास, संरक्षण, संवर्द्धन, प्रवर्द्धन र संवृद्धि गर्ने तथा त्यस्तो ज्ञान, सीप, प्रविधि र तालिम प्राप्त एवं प्रदान गर्नको लागि आवश्यक बन्दोबस्त गर्ने, गराउने ।

(ख) महासंघसँग आवद्ध कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा कार्यरत व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, शाखा आदिको हक, हित, सुरक्षा र सुविधा प्राप्त, प्रदान, संरक्षण एवं उपलब्ध गराउने ।

(ग) यस दफामा वर्णित उद्देश्यअनुरूप संस्थाको सेवा तथा सुविधाहरू महासंघको सदस्यलगायत आवश्यक पर्ने सबैलाई उपलब्ध गर्ने, गराउने ।

उक्त उद्देश्य प्राप्त गर्न गरिने कामहरू:

(क) महासंघले प्रचलित नेपालको कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी उपरोक्त उद्देश्य कार्यान्वित गर्नेछ ।

(ख) महासंघलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्स, ईमेल, ईन्टरनेटजस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।,

(ग) महासंघलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ।

(ङ) महासंघमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

३. सदस्यता

जिल्ला शाखाहरूका आधारहरूमध्ये सदस्यता पनि एक हो ।पर्याप्त स्रोत, साधन र तिनको समुचित परिचालन एवं व्यवस्थापनवाट नै शाखाले निर्दिष्ट गरेको उद्देश्य प्राप्ति गर्न सघाउ पुग्नेछ । स्वस्थ शाखा बन्नका लागि सक्षम र दक्षता प्राप्त व्यक्तिहरूको आवश्यकता रहन्छ र यसका लागि शाखाद्वारा नियमित रूपमा सदस्यता बृद्धि अभियान सञ्चालनगर्नुपर्दछ । सदस्यता अभियानमा जिल्ला शाखा सक्रिय रूपमा सहभागी हुनु आवश्यक छ ।

३.१. सदस्यताको प्रकार र योग्यता (विधानको परिच्छेद ३ अनुसार)

तोकिएको योग्यता पूरा गरी नेपाल राज्यभित्रका जुनसुकै व्यक्ति तथा संस्थाले पनिकम्प्युटर एसोसिएसन नेपाल महासंघकोसदस्यता लिन सक्नेछन् । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) मा कायम सबै प्रकारका सदस्यहरूक्यान महासंघका स्वत: सदस्य हुनेछन् । तर जिल्ला शाखाको नयाँ सदस्यको हकमा केन्द्रीय कार्यसमिति (केन्द्रीय समिति) ले तोकेबमोजिम हुनेछ । कुनै पनि सदस्यले समान रूपको सदस्यता एक (१) स्थानबाट मात्र लिन सक्नेछ । यदि दुई वा सोभन्दा बढी स्थानबाट सदस्यता लिएको पाइएमा केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय तथा कारबाही गर्न सक्नेछ ।

सदस्यताका लागि निर्देशिकाले तोकेको प्रकृया पुरागरी प्राप्त आवेदनहरुलाई जिल्ला कार्य समितिले निर्णय गरी निम्न बमोजिमको सदस्यता प्रदान गर्न सकिने छ ।

१) **सदस्यताको प्रकार** :
जिल्ला शाखाहरुमा निम्नप्रकारका सदस्यहरु हुनेछन ।

क) व्यक्तिगत सदस्य :

१) **व्यक्तिगत साधारण सदस्य** :
कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कम्तीमा प्रमाणपत्र तहको शैक्षिक योग्यता हासिल गरेका वा अन्य कुनै विषयमा प्रमाणपत्र तहको शैक्षिक योग्यता हासिल गरी सो पेशा वा व्यवसायमा लागि जिल्लामा कार्यरत कम्तीमा २ वर्षदेखि सेवा प्रदान गरिरहेका नेपाली नागरिकलाई जिल्ला शाखाले व्यक्तिगत साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

२) **व्यत्तिगत आजिवन सदस्य** :
जिल्ला शाखाको व्यक्तिगत साधारण सदस्य बन्न योग्य व्यक्तिलाई निर्देशिकाले तोकेबमोजिम एकमुष्ट रकम लिई व्यक्तिगत आजीवन सदस्यता प्रदान गर्न सकिनेछ । व्यक्तिगत आजीवन सदस्यहरूले सदस्यता नवीकरण शुल्क बुझाउनु पर्ने छैन ।

ख) संस्थागत सदस्य :

१) **संस्थायत साधारण सदस्य** :
कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अध्यापन, व्यापार व्यवसाय, आयात, निर्यात, सेवा, प्रकाशन, प्रसारण, अनुसन्धान, प्रशिक्षण, उद्योग तथा विकास आदि उद्देश्य राखी व्यापारिक प्रयोजनका लागि स्थापित तथा सो क्षेत्रमा कार्यरत जिल्ला भित्रका कम्पनी तथा संस्थाहरूलाई जिल्ला शाखाले संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ ।

२) **संस्थागत आजिवन सदस्य** :
जिल्ला शाखाको संस्थागत साधारण सदस्य बन्न योग्य संस्थालाई निर्देशिकाले तोकेबमोजिमको एकमुष्ट रकम लिई संस्थागत आजीवन सदस्यता प्रदान गर्न सकिनेछ । संस्थागत आजीवन सदस्यहरूले सदस्यता नवीकरण शुल्क बुझाउनु पर्ने छैन ।

ग) विषयगत सदस्य :
जिल्ला शाखाले विषयगत सदस्यताका लागि आवेदन दिने कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिका विविध क्षेत्रमा संगठित भएर जिल्ला भित्र रहेका संघहरू वा गैरसरकारी संस्थाहरूलाई विषयगत सदस्यता प्रदान गर्न क्यान महासंघको सिफारिसमा सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता सदस्यहरूलाई जिल्ला शाखाको निर्वाचनमा संस्थागत साधारण सदस्य सरह मत अधिकार हुने छ ।

घ) मानार्थ सदस्य :
कम्प्युटर,कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको विकासमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनी जिल्ला कार्यसमितिले ठहर गरेको कुनै पनि स्वदेशी व्यक्ति तथा व्यावसायिक कम्पनीलाई मानार्थ सदस्यता प्रदान गर्न क्यान महासंघको सिफारिसमा सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता सदस्यहरूलाई निर्वाचन सम्बन्धमा कुनै पनि अधिकार हुने छैन ।

(ङ) अतिथि सदस्य
जिल्लामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत रहेको र महासंघको सदस्यता लिई कार्य गर्न इच्छुक विदेशी नागरिकलाई निजको नेपालमा कार्यरत संस्थाको तर्फबाट जारी परिचयपत्र, नेपाल बस्ने अनुमतिपत्रसहित जिल्ला कार्यसमिति समक्ष आवेदन दिएको अवस्थामा यस्तो आवेदनको छानविन गरी जिल्ला कार्यसमितिले अतिथि सदस्यता प्रदान गर्न क्यान महासंघको केन्द्रमा सिफरिस गन सक्नेछ । तर यस्तो सदस्यता निजको नेपाल बस्ने प्राप्त अनुमतिको समय सीमा सम्मको लागि मात्र जारी गर्न

सकिनेछ । यस्ता सदस्यहरूलाई मताधिकारलगायतका निर्वाचनसँग सम्बन्धित कुनै पनि अधिकार रहनेछैन ।

द्रष्टव्य: क्यान महासंघको पहिलो निर्वाचन २०७१।११।१६ को लागि जिल्ला शाखाहरूले क्यान महासंघको केन्द्र समक्ष पेश भएका अधिकारिक सबै प्रकारका सदस्यहरु महासंघको विधान तथा निर्देशिका बमोजिम जिल्ला शाखाको सदस्य रहेको मानिनेछ ।

२) सदस्यता प्राप्ती सम्बन्धि कार्यविधि :

क) महासंघको विधान बमोजिम जिल्ला शाखाका लागि योग्यता पुगेका नेपाली नागरिक वा संस्थालाई सदस्यता खुला रहनेछ ।

१) जिल्ला शाखाको सदस्यता प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको आवेदन जिल्ला कार्यसमिति समक्ष पेश गर्नुपर्नेछ ।

२) जिल्ला शाखामा सदस्यताका लागि निवेदन प्राप्त भएको बढीमा एक महिनाभित्र सदस्यताको टुङ्गो लगाई निर्णय दिइसक्नु पर्नेछ ।

३) त्यसरी प्राप्त आवेदनमाथि जिल्ला कार्यसमितिले निर्णय गरी सदस्यता प्रदान गर्न निश्चित समयका लागि आवेदन स्थगित गर्ने वा सदस्यता नदिने निर्णय गर्नसक्नेछ ।

४) कुनै आवेदकलाई सदस्यता दिने वा नदिने सम्बन्धमा भएको निर्णयको जानकारी निज आवेदकलाई निर्णय भएको ७ दिनभित्र दिइनेछ ।

५) सदस्यता प्रदान गरिएको लिखित जानकारी दिएको दुई महिनाभित्र शुल्क तिरी सदस्यता ग्रहण नगर्ने आवेदकको सदस्यता स्वतः रद्द हुनेछ ।

६) सम्बन्धित शाखाले विभिन्न समयमा प्रदान गरेका सदस्यता केन्द्रीय कार्य समितिमा जानकारी गराउनु पर्नेछ ।

ख) महासंघमा सदस्यताका लागि शाखाले गरेको सिफारिस वा जिल्ला शाखामा प्रदान गरेको सदस्यताका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा केन्द्रीय कार्य समितिले छानविन गर्न सक्नेछ ।

१) यसरी छानविन गर्दा योग्यता नपुगेका व्यक्ति वा संस्थालाई सदस्य बनाएको वा योग्यता हुँदाहुँदै पनि सदस्य बन्नबाट वञ्चित गरिएको पाइएमा त्यस्तो शाखा वा त्यस कार्यमा संलग्न जिम्मेवार पदाधिकारी वा सदस्यउपर छानविन गर्न सकिनेछ ।

२) छानविनमा कुनै शाखा वा जिम्मेवार पदाधिकारी दोषी पाइएमा सम्बन्धित शाखा कार्यसमितिलाई केन्द्रीय कार्यसमितिको विधानको दफा ७ (घ) को (आ) अनुसार कारवाही गरिनेछ ।

३) तर यस्तो प्रकारको निर्णय लिनुअघि सफाइको उचित मौका दिइनेछ ।

४) तर यसरी नै जिल्ला कार्यसमिति भंग भएमा केन्द्रीय समितिले तत्काल तदर्थ समिति गठन गरी तीन महिनाभित्र अधिवेशन वा विशेष अधिवेशन गराइसक्नु पर्नेछ ।

५) निलम्बन गरिएको सदस्यले निलम्बनको अवधिभर नयाँ समिति गठनका लागि भएको चुनावमा उम्मेद्वार हुन वा मतदान गर्न पाउनेछैन ।

ग) सदस्यताको अवधि एक वर्षको हुनेछ ।

१) हरेक वर्षको भाद्र मसान्त भित्रमा जिल्ला शाखाबाट सदस्यता लिएका सदस्यहरुले जिल्ला शाखामा आफ्नो सदस्यता नवीकरण गराइसक्नु पर्नेछ ।

२) जिल्ला शाखाले आश्विन मसान्तभित्र केन्द्रीय कार्यालयमा शाखा नवीकरण गराइसक्नु पर्नेछ ।

३) जिल्ला शाखाले केन्द्रीय निर्वाचन वा साधारण सभा प्रयोजनमा भाग लिनको लागि नयाँ सदस्य बन्न आवेदन लिने र स्वीकृत गर्ने कार्य केन्द्रीय समितिको निर्वाचन वा साधारण सभा हुनुभन्दा एक वर्ष पहिले नै भइसक्नु पर्नेछ ।

३) सदस्यता हस्तान्तरण सम्बन्धि कार्यविधि :

क) जिल्ला शाखाका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भए अनुसार सदस्यता स्थानान्तरण गर्न सक्ने छन् ।

ख) जिल्ला शाखाबाट सदस्यता प्राप्त सदस्यहरूले सम्बन्धित शाखाको सिफारिस सहित केन्द्रीय कार्यालयमा आवेदन गर्नु पर्नेछ ।

ग) केन्द्रीय कार्यालयले स्थानान्तरण हुन चाहेको शाखामा सदस्यता स्थानान्तरण गरिदिनेछ ।

घ) स्थानान्तरण भएको शाखाले अभिलेख राखी नवीकरण गरिदिनु पर्नेछ ।

ङ सदस्यको स्थानान्तरण गर्दा, कुनै एउटा जिल्ला शाखाको सदस्यता लिएको ९० दिन भन्दा अगावै कुनै अर्को जिल्ला शाखा वा केन्द्रिय कार्यसमितिमा सदस्यता स्थानान्तरण गर्न पाईनेछैन ।

४) सदस्यता शुल्क :

जिल्ला शाखामा सदस्यताको प्रकार अनुसार निम्न बमोजिम न्युनतम सदस्यता शुल्क हुनेछ । यस सदस्य शुल्क सम्बन्धमा क्यान महासंघको केन्द्रिय कार्यसमितिले समय अनुसार हेरफेर गर्न सक्नेछ ।

क) व्यक्तिगत साधारण सदस्यको लागि नयाँ सदस्यता तथा प्रवेश शुल्क वापत रु. ८००।०० (आठ सय मात्र) र नवीकरणको लागि रु. ४००।०० (चार सय मात्र)

ख) व्यक्तिगत आजीवन सदस्यको लागि रु. ६,०००।०० (छ हजार मात्र) र नविकरण निशुल्क ।

ग) संस्थागत साधारण सदस्यको लागि नयाँ सदस्यता तथा प्रवेश शुल्क वापत रु. ८००।०० (आठ सय मात्र) र नवीकरणको लागि रु. ४००।०० (चार सय मात्र)

घ) संस्थागत आजीवन सदस्यको लागि रु. ६,०००।०० (छ हजार मात्र) र नविकरण निशुल्क ।

ङ) जिल्ला शाखाहरूको हकमा प्रत्येक सदस्यता तथा नवीकरण दस्तुरमध्ये सदस्यता शुल्क, प्रवेश शुल्क तथा नवीकरण शुल्क को २५ प्रतिशत रकम केन्द्रीय समितिको कोषमा जम्मा गर्नुपर्नेछ र बाँकी ७५ प्रतिशत सम्बन्धित शाखा वा संस्थामा नै रहनेछ ।

च) लगातार ३ वर्षसम्म नवीकरण नगर्ने सदस्यको सदस्यता स्वत: खारेज हुनेछ । यसरी सदस्यता खारेज भएका व्यक्ति वा संघसंस्थाहरूले पुन: सदस्य बन्न चाहेमा नयाँ प्रक्रियामार्फत सदस्यता माग गर्नुपर्नेछ ।

द्रष्टव्य: माथि उल्लेखित सदस्यता शुल्कमा आफ्नो जिल्लाको अवस्था हेरि थप सदस्यता शुल्क लिन सक्नेछन् ।

३.२. सदस्यताको समाप्ति ।(विधानको परिच्छेद ३ : दफा १० अनुसार हुनेछ)

३.३. सदस्यको अधिकार (विधानको दफा ११ अनुसार हुनेछ)

३.५.१ सदस्यको कर्तव्य

(क) संस्थाको उद्देश्यबारे प्रचार-प्रसार गर्न सहयोग पुऱ्याउने,

(ख) संस्थाको काममा सहभागीभई गतिविधिहरूलाई प्रवर्द्धनगर्न सहयोग पुऱ्याउने,

(ग) संस्थाको विधानको मान्यतालाई आदर गर्ने,

(घ) तोकिएबमोजिम सदस्यता शुल्क तिर्ने,नवीकरण गर्ने ।

(च) संस्थाले विशेष अवस्थामा सहयोग आव्हान गरेको खण्डमा सक्दो योगदान गर्ने,

(छ) आचारसंहितामा लिखित सहमति जनाई सोको पालना गर्ने । यसै गरी संस्थाको कार्यमा सहयोग र जिल्लाशाखाको छवि अभिवृद्धि(Image Building) कालागि सक्दो योगदान गर्नु पनि सदस्यको कर्तव्य हुनेछ ।

३.४. सदस्यहरूको आचारसंहित ।(विधानको परिच्छेद ९ : दफा ३८ अनुसार)

(क) महासंघकासबै क्यान तहका सदस्यहरूले यसका काम कारवाहीमा संलग्न हुनु तथा सहयोग पुऱ्याउनु निजहरूको काम कर्तव्य हुनेछ ।

(ख) निजहरूले विधानमा तोकिएबमोजिम आचारसंहिता पालना गर्नुपर्नेछ ।

(ग) सदैव संस्थाको हित चिताई कसैप्रति पूर्वाग्रही नभई आफ्नो सामर्थ्यले भ्याएसम्मको कार्य सम्पादन र सहकार्य गर्नुपर्दछ ।

४. जिल्ला शाखाको गठन र गठन विधि :

(क) महासंघको बिधानको परिच्छेद छ को दफा १८ बमोजिम हुनेछ ।

(ख) अधिवेशन हुनुअघि सदस्यता अनुमोदन गरी **प्रवन्ध समिति** गठन गर्न सकिनेछ ।

(ग) जिल्लामा आवश्यक प्रतिनिधित्व जिल्ला शाखाले गर्नेछ ।

(घ) संस्थागत सदस्यतामा सम्बन्धित संस्थालाई प्राथमिकता दिइनेछ ।

४.१. जिल्ला शाखा कार्यसमितिः

जिल्ला शाखा सञ्चालनका लागि जिल्लामासम्पन्न हुने साधारण सभा तथा अधिवेशनबाट निर्वाचित एक कार्यसमिति हुनेछ । जिल्ला कार्यसमितिको गठन यस प्रकार हुनेछः

(क) शाखाको कार्यसमितिमा कार्यसमिति सदस्यहरू सम्बन्धित समूहबाट निर्वाचित हुनेछन् । उक्त निर्वाचित सदस्यहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र अन्य सदस्यहरू रहेको शाखा कार्यसमिति बन्नेछ । व्यक्तिगत सदस्य (साधारण, आजीवन) तर्फबाट ५० प्रतिशत तथा संस्थागत (साधारण, आजीवन) तर्फबाट ५० प्रतिशत चयन हुनेछन् । (उदाहरणका लागि १० सदस्यीय कार्यसमितिमा व्यक्तिगत सदस्य तर्फबाट ५ र संस्थागत सदस्य तर्फबाट ५ जना सदस्य रहनेछन् ।) सम्बन्धित सदस्यले निर्वाचनमा सम्बन्धित सदस्यको तर्फबाट मात्रै मतदान गर्न पाउनेछ । जिल्ला शाखाका पदाधिकारीहरु निर्वाचित कार्यसमिति सदस्यहरूमध्येबाट चयन गरिनेछ ।

जिल्ला शाखाको वनावट यस प्रकार हुनेछ :-

क) जिल्ला कार्यसमितिका सदस्यहरू,
ख) सभापति परिषदका सदस्यहरु
ग) सदस्यहरू



(ख) साधारण सदस्य संख्याका आधारमा कार्यसमितिको संख्या निर्धारण गरिनेछ । त्यसो गर्दा १५ जनासम्म साधारण सदस्य भएमा ७ जनाको कार्यसमिति, १६ देखि १०० जनासम्म सदस्य भएमा नौजनाको कार्यसमिति, १०१ देखि बढी सदस्य भएमा ११ जनाको कार्यसमिति चुनिनेछन् ।

(ग) जिल्ला शाखाको अध्यक्ष हुन कम्तीमा निरन्तर ३ वर्षसम्म सदस्य भएको र एक कार्यकाल शाखाको पदाधिकारी भएको हुनुपर्नेछ र कार्य समिति सदस्य हुन १ वर्ष शाखाको साधारण सदस्य भएको हुनपर्छ । माथि जे कुरा लेखिएको भएता पनि कुनै पनि जिल्ला शाखा स्थापना भएको चार (४) वर्ष पश्चात् मात्र यी नियमहरू लागू हुनेछन् ।

(घ) पूर्व अध्यक्षहरू सभापति परिषद्का सदस्यहरू रहनेछन् । जिल्ला शाखा सञ्चालनका लागि सभापति परिषद् सम्बन्धमा केन्द्रीय समितिले निर्देशिका, नियम वा विनियम बनाई लागू गर्नेछ ।

(ङ) जिल्ला शाखाको साधारण सभा, विशेष साधारण सभा तथा निर्वाचन कार्यक्रमहरूमा केन्द्रीय समिति वा निजले तोकेको प्रतिनिधिलाई अनिवार्य आमन्त्रण तथा सहभागी गराइनुपर्नेछ ।

(च) तदर्थ जिल्ला शाखा कार्यसमितिबाट एक/एक जना पर्यवेक्षक साधारण सभामा सहभागी हुनेछन् । उनीहरूलाई मतदानको अधिकार हुनेछैन ।

(छ) शाखाको कार्यसमिति वा कुनै पदाधिकारी वा सदस्यका विरूद्ध दुई तिहाइ कार्यसमिति सदस्य वा दुई तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी शाखा समितिमा अविश्वासको प्रस्ताव दर्ता गर्नसक्नेछन् । यस्तो प्रस्ताव दर्ता भएको ३५ दिनभित्र शाखा समितिले विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ । यस्तो प्रस्ताव पारित गर्ने सम्बन्धमा केन्द्रीय समितिको हकमा लागू हुने प्रक्रिया नै शाखा सदस्यको हकमा लागू हुनेछ ।

(ज) नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नुपर्नेछ ।

४.१.१. जिल्ला कार्यसमितिको बैठकः

महासंघको सबै तहको समितिहरूको बैठक प्रत्येक ३ (तीन) महिनामा कम्तीमा १(एक) पटक बस्नेछ । समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ । (तर निर्वाचनसम्बन्धी अधिकार नभएका सदस्यहरूलाई गणपूरक संख्यामा गणना गर्न पाइनेछैन)

४.१.१.१ जिल्ला शाखाको सभापति परिषद्: गठन र काम, कर्तव्य तथा अधिकारः

(क) गठनः

यस महासंघको जिल्ला शाखाको हित र समुन्नतिका लागि समयानुकूल मार्गदर्शन तथा समन्वय गर्न र सल्लाह तथा सुझाव दिन निम्नबमोजिमको एक जिल्ला सभापति परिषद् गठन हुनेछः

(१) संस्थापक जिल्ला अध्यक्ष : अध्यक्ष
(२) जिल्ला कार्यसमितिका पूर्व अध्यक्षहरू: सदस्य
(३) बहालवाला जिल्ला अध्यक्ष: सदस्य सचिव

(ख) काम, कर्तव्य तथा अधिकार:

(१) महासंघको उन्नति, प्रगति एवं वृहत्तर हितको निमित्त जिल्ला कार्यसमितिलाई संस्थाको उद्देश्य प्राप्त गर्न आवश्यक कार्यमा उपयुक्त सुझाव दिने ।
(२) महासंघको जिल्ला संस्थापक अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् । निजको अनुपस्थितिमा परिषद्का सदस्यसचिवबाहेक अन्य सदस्यहरूले वरियताक्रमका आधारमा बैठकको अध्यक्षता गर्नेछन् । परिषद्को बैठकबाट प्राप्त सल्लाह तथा सुझाव कार्यसमितिको अध्यक्षमार्फत जिल्ला कार्यसमितिको बैठकमा प्रस्तुत तथा छलफलसमेत गरिनेछ ।

४.१. जिल्ला शाखाका अनिवार्य वैधानिक दायित्वहरू

जिल्ला शाखाका अनिवार्य दायित्वहरू निम्नानुसार छन् :

(क) प्रत्येक आर्थिक वर्षको जिल्ला शाखाहरूको हकमा प्रत्येक सदस्यता र नवीकरण दस्तुरमध्ये सदस्यता, नवीकरण शुल्क र प्रवेश शुल्कको २५%रकम केन्द्रीय समितिको कोषमा जम्मा गर्नुपर्ने,

(ख) प्रत्येक आर्थिक वर्षमा जिल्ला शाखाको साधारण सभाको आयोजना गर्ने, केन्द्रीय साधारण सभा तथा ३ वर्षमा हुने महाधिवेशनमा विधानबमोजिम भाग लिनुपर्ने,

(ग) आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राख्ने, प्रत्येक आर्थिक वर्षमा नियमित रूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक प्रति केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,

(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा संचालन र नियमित बैठक (प्रत्येक ३ महिनामा) वर्षको कम्तीमा ४ पटक बस्नुपर्ने,

(ङ) वर्गीकरणअनुरूप न्यूनतम सदस्यता नियमित रूपमा राख्ने,

(च) संस्थाले आफ्नो प्रत्येक कामकुराहरू पारदर्शी रूपले सञ्चालन गर्नुपर्ने

(छ) जिल्ला शाखा सदस्यहरूको हकमा हरेक वर्ष आश्विन मसान्तभित्र केन्द्रीय कार्यालयमा नवीकरण गराउनुपर्ने,

(ज) केन्द्रीय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने,

(झ) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिको नीति-निर्देशन पालना गर्नुपर्ने ,

(ञ) आफ्ना कर्मचारीका लागि गोष्ठी, प्रशिक्षण र भ्रमण आदिको बेलाबेलामा व्यवस्था गर्ने,र

(ट) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसारसेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

४.२. अनिवार्य दायित्व पूरा नगरेमा हुनसक्ने कार्यवाहीहरू

शाखाले कुनै वा सबै दायित्व निर्वाह नगरेमा केन्द्रीय कार्यसमितिबाट निर्धारित प्रक्रियाअनुसार देहायबमोजिम कारवाही हुन सक्नेछ :-

(क) केन्द्रीय महाधिवेशन, अधिवेशन तथा जिल्ला सभाको अधिवेशनमा हुने मतदानमा भाग लिनबाट वञ्चित गर्ने र/वा

(ख) केन्द्रीय महाधिवेशन,अधिवेशन तथा जिल्ला सभाको अधिवेशनमा भाग लिनबाट वञ्चित गर्ने र/वा

(ग) जिल्ला शाखा कार्यसमितिलाई निलम्बन गर्ने र/वा

(घ) जिल्ला शाखा कार्यसमिति विघटन गर्ने । तर कारवाही गर्नु अघि त्यस्ता जिल्ला शाखालाई सफाईको मौका दिईने छ ।

५. निर्वाचनसम्बन्धी कार्यविधि :

निर्बाचनसम्बन्धी कार्यबिधि देहायबमोजिम हुनेछ :

(१) जिल्ला कार्यसमितिको नयाँ निर्वाचनका लागि जिल्ला कार्य समितिले आवश्यकता अनुसार संस्थाको विधान परिधिभित्र रही निर्वाचन समिति गठन गर्नेछ र सो को सिफारिस केन्द्रिय कार्यसमितिबाट लिनुपर्नेछ ।

(२) संस्थाको विधान, यस निर्देशिका तथा प्रचलित कानुनको परिधिभित्र रही निर्वाचन समितिले थप कार्यविधि आफैं तय गर्नसक्नेछ ।

(३) तोकेको मितिमा विधिसम्मत र निर्वाचनका आधारभूत सिद्धान्तहरूको परिपालना गरी निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको कर्तव्य हुनेछ ।

(४) निर्वाचन कार्य सम्बन्धित समूहगत मतदान प्रक्रियाबाट सम्पन्न गरिनेछ ।

(५) निर्वाचन सम्बन्धी विषयमा निर्वाचन समितिले बिधि र प्रकृया अनुसार गरेको निर्णय अन्तिम हुनेछ ।

(६) निर्वाचन कार्य सम्पन्न भएपछि निर्वाचन समितिको स्वतहः विघटन हुनेछ ।

(७) निर्वाचन समितिले निर्वाचन हुने मिति,स्थान,समय,सो सम्बन्धी कार्यक्रम र मतदाता नामावली निर्वाचन हुने मितिभन्दा १० दिन अगावै सबैले देख्न सक्ने स्थानमा प्रकाशित गर्नुपर्नेछ ।

(८) व्यक्तिगत साधारण एवं आजीवन सदस्यको हकमा निज स्वयंलाई एक मतको अधिकार रहनेछ, संस्थागत साधारण एवं आजीवन सदस्य र विषयगत सदस्यको हकमा आधिकारिक प्रतिनिधिलाई एक मतको अधिकार रहनेछ ।

(९) जिल्ला कार्यसमितिका लागि घटीमा ६ र बढीमा १० जना सदस्य पदमा निर्वाचन हुनेछ ।

(१०) निर्वाचन समितिलाई मतदाता नामावली उपलब्ध गराउने काम निर्वाचन समिति निर्धारण गर्ने निकायबाट हुनेछ ।

(११) निर्वाचन कार्यक्रम प्रकाशित भएपछि तत्सम्बन्धी तोकिएको समयभित्र मतदाता नामावलीमा कसैको विरोध पर्नआएमा सो विरोधको ख्याल गरी सच्याउनु पर्ने भएमा निर्वाचन समितिले कारण खोली सच्याई अन्तिम मतदाता नामावली प्रकाशित गर्नुपर्नेछ ।

(१२) निर्वाचन समितिले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थितिसमेत विचार गरी एकै वा विभिन्न मितिमा एक वा बढी केन्द्रहरूको व्यवस्था गरी निर्वाचन गराउन सक्नेछ । यसरी भएको निर्वाचनलाई एकैपटक भएको मानिनेछ ।

(१३) निर्वाचन समितिले आवश्यक परेमा मतदान अधिकारी नियुक्त गर्न र अवस्था हेरी आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ । साथै आवश्यकतानुसार अन्य कर्मचारीहरूलाई समेत निर्वाचनको काममा खटाउन सक्नेछ ।

(१४) नेतृत्व चयन निर्विरोध भएको अवस्थामा बाहेक गोप्य मतदानका आधारमा निर्वाचन गरिनेछ ।

(१५) कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूले निर्वाचन वा मनोनयनद्वारा प्रतिनिधित्वको लगत्तै क्यान महासंघको विधानबमोजिम शपथ लिई त्यसप्रति प्रतिबद्धताको लिखितमा हस्ताक्षर गर्नुपर्नेछ ।

(१६) कार्यसमितिको निर्वाचनमा पदाधिकारी तथा सदस्यका लागि उम्मेदवार हुने व्यक्तिले निर्वाचन हुनुभन्दा अगावै तोकिएबमोजिम आफ्नो विस्तृत परिचयात्मक विवरण लिखित रूपमा तोकिएको स्थान र समयमा बुझाउनुपर्नेछ ।

(१७) कुनै पदमा उम्मेदवार हुने व्यक्तिले निर्बाचनसम्बन्धी कामका लागि आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि (वारिस) तोक्न सक्नेछ । उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम रोकिनेछैन ।

(१८) जिल्ला कार्यसमितिको निर्वाचन कार्यक्रमहरूमा केन्द्रीय समितिले तोकेको प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गरी सहभागी गराइनुपर्नेछ जसले निर्वाचनको पर्यवेक्षण गर्नेछन् ।

५.१ निर्बाचनका लागि बन्देज :

देहायका व्यक्तिलाई निर्बाचन सम्बन्धमा देहायका कार्यका लागि बन्देज हुनेछ :

(१) मतदाता हुन बन्देज :

देहायबमोजिमका व्यक्तिहरूलाई जिल्ला कार्यसमितिको निर्बाचनमा मतदाता हुन बन्देज हुनेछ :

(क) निर्वाचन समिति

(ख) बिदेशी नागरिक

(ग) क्यानमहासंघको समानस्तरको निर्वाचनमा भाग लिएको १२ महिना पूरा नभएको व्यक्ति

(घ) निर्वाचन हुनभन्दा कम्तीमा ३ महिनाअघिदेखि नै क्यानमहासंघकोसदस्य नभएको व्यक्ति

(ङ) जिल्ला सभाको सदस्य नभएको व्यक्ति ।
(च) मानार्थ सदस्य
(छ) अन्तर्राष्ट्रिय संघ सदस्य र
(ज) अतिथि सदस्य
(झ) निलम्बित सदस्य (निलम्बित अवधिभर)
(ञ) आमन्त्रित विशेषज्ञ
(ट) पर्यवेक्षक

(२) उम्मेदवार हुन बन्देज :

देहायबमोजिमका व्यक्तिहरूलाई जिल्ला कार्यसमितिको निर्बाचनमा उम्मेदवार हुन बन्देज हुनेछ :

(क) जिल्ला सभाको सदस्य र मतदाता नभएको व्यक्ति ।

(ख) अध्यक्ष पदमा उम्मेदवार हुन कम्तीमा निरन्तर ३ वर्षसम्म सदस्य नभएका तथा कार्यसमितिमा पदाधिकारीको रूपमा कुनै पनि समयमा कम्तीमा एक कार्यावधि पूरा नगरेको व्यक्ति,

(ग) कार्यसमिति सदस्य हुन १ वर्ष शाखाको साधारण सदस्य नभएको व्यक्ति,

(घ) क्यानमहासंघकोकुनै पनि निकायमा नियुक्त बहालवाला बैतनिक कर्मचारी,
(ङ) जुनसुकै तहमा कार्यसमितिमा पदाधिकारी वा सदस्य रही काम गरेका पदाधिकारी वा सदस्यहरूले आफ्नो जिम्मामा रहेको नगदी,जिन्सी र कागजात कार्यावधि समाप्त भएको ढिलोमा ३५ दिनभित्र नबुझाएका व्यक्ति,
(च) कुनै वा सबै अनिवार्य बैधानिक दायित्व निर्वाह नगरेमा केन्द्रीय कार्यसमितिबाट त्यस्तो शाखाका प्रतिनिधि सभासद् (मतदाता) लाई निर्धारित प्रक्रियाअनुसार अधिवेशन/ महाधिवेशनमा हुने मतदानमा भाग लिनबाट बन्चित गरिएका व्यक्ति,

५.२ उम्मेदवारको नामाङ्कनपत्रः

उम्मेदवारको मनोनयनसम्बन्धी व्यबस्था देहायबमोजिम हुनेछ :

(१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले रिक्त स्थानमध्ये कुन पदको लागि उम्मेदवार हुन चाहने हो, सो पदसमेत स्पष्ट खोली एक-एक जना मतदाताबाट प्रस्ताव र समर्थन गराई आफै उपस्थित भई वा वारेसनामा दिईअख्तियार प्राप्त वारिस पठाई तोकेको ढाँचामा तोकेको मिति, स्थान र समयभित्र उम्मेदवारी शुल्कसहित निर्वाचन समितिसमक्ष नामाङ्कनपत्र दाखिला गर्नुपर्नेछ ।

(२) निर्वाचन समितिद्वारा उम्मेदवारले दाखिला गरेको नामाङ्कनरीत नपुगेको भए सच्याउन उचित मौका दिइनेछ र रीत पुगेको भए दर्ता गरिनेछ ।

(३) उम्मेदवारी नामाङ्कनफिर्ता लिन निर्वाचन समितिसमक्ष उम्मेदवार आफै उपस्थित भई वा अख्तियारप्राप्त वारिसमार्फत् विधिवत् आवेदन दिनुपर्नेछ । यस्ता आवेदनउपर निर्वाचन समितिबाट कार्यवाही हुनेछ ।

(४) एउटै पदका एकभन्दा बढी उम्मेदवारलाई प्रस्ताव वा समर्थन गरिएमा त्यस्ता नामाङ्कनपत्रमध्ये पहिले दर्ता भएको नामाङ्कनपत्रलाई मात्र मान्यता दिइनेछ, पछिल्लो दर्ता नम्बर भएको नामाङ्कनपत्रहरूलाई मान्यता दिइने

छैन । एकभन्दा बढी पद संख्याका लागि हुने निर्वाचनमा भने जति पद संख्याका लागि निर्वाचन गरिने हो, त्यति उम्मेदवारहरूको प्रस्तावक वा समर्थक हुन बाधा हुने छैन ।

५.३ उम्मेदवारी शुल्क :

उम्मेदवारी शुल्कसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(१) यस नियमावलीबमोजिम उम्मेदवारी नामाङ्कनपत्र दाखिला गर्दा उम्मेदवार हुने व्यक्तिले जिल्ला कार्यसमितिको सदस्य पदमा रू. १,५००।- (एक हजार पाँच सय) दरखास्तसाथ नगदै पेश गर्नुपर्नेछ ।

(२) यस्तो उम्मेदवारी शुल्क फिर्ता हुनेछैन र सम्बन्धित निकाय जिल्ला शाखा को बैंक खातामा जम्मा गरिनेछ ।

५.४ उम्मेदवारको नामावली प्रकाशन :

उम्मेदवारको नामावली प्रकाशनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(१) निर्वाचन समितिले नामाङ्कनपत्रको जाँचबुझ गरेपछि उम्मेदवारको पहिलो नामावली प्रकाशन गर्नेछ ।

(२) कुनै उम्मेदवारको नाम प्रकाशनमा गल्ती भएमा वा उम्मेदवार हुन अयोग्य व्यक्ति उम्मेदवार भएमा तोकिएकोसमयभित्र मतदाता वा उम्मेदवारले कारण खुलाई सोसम्बन्धी दाबी विरोधपत्र निर्वाचन समितिलाई दिनसक्नेछ ।

(३) दावी बिरोध गर्ने समय सकिएपछि त्यसउपर निर्वाचन समितिद्वारा नामाङ्कनपत्र र तत्सम्बन्धी आवश्यक प्रमाणपत्रको जाँचबुझ गरी हटाउनु पर्ने उम्मेदवारको नाम हटाई बाँकी रहन आउने उम्मेदवारको संशोधित नामावली प्रकाशित गर्नुपर्नेछ ।

(४) तोकिएको समयमा कुनै उम्मेदवारले नाम फिर्ता लिएमा सो हटाई उम्मेदवारहरूको अन्तिम नामावलीप्रकाशन गरिनेछ ।

(५) साधारणतया उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएको मितिले बढीमा एक महिनाभित्र निर्वाचन समितिले निर्वाचन सम्पन्न गराउनुपर्नेछ ।

५.५ निर्विरोध बिजयी भएको घोषणा :

रिक्त स्थान जतिमात्र वा सोभन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन समितिले यस नियमावलीको अधीनमा रही बाँकी रहन आएका उम्मेदवारलाई तुरून्त निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

५.६ निर्वाचन/मतदान क्षेत्रको घोषणा :

निर्वाचन/मतदान क्षेत्रको घोषणासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(१) मतदान शुरू हुनुभन्दा अघि निर्वाचन/मतदान अधिकारीबाट निर्वाचन/मतदान क्षेत्र घोषणा गर्नेछ ।

(२) निर्वाचन/मतदान अधिकारीले औचित्य हेरी निश्चित समयपश्चात् निर्वाचन प्रचार-प्रसारमाथि रोक लगाउन सक्नेछ ।

(३) निर्वाचन/मतदान क्षेत्र घोषणागरी तोकिएको घेराभित्र कसैले कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको प्रचार वा होहल्ला गर्न पाइने छैन।

(४) निर्वाचन/मतदान क्षेत्र घोषणा भएको घेराभित्र कसैले कुनै किसिमका प्रचार वा होहल्ला गरेमा निर्वाचन समितिले निजलाई सो नगर्नू भनी एकपटक चेतावनी दिन सक्नेछ र सो चेतावनीको बेवास्ता गर्नेलाई निर्वाचन/मतदान हुने स्थानबाट निष्काशित गरी मतदान गर्नबाट बन्चित गर्न सक्नेछ ।

५.७ मतदान :

(१) मतदानद्वारा उम्मेदवारहरूको निर्वाचन गर्नुपर्ने अवस्था आएमा निर्वाचन समितिले तोकिएको मिति, स्थान र समयमा गोप्य मतदान गराउनेछ ।

(२) हिंसात्मक हुलदङ्गा वा प्राकृतिक विपत्ति वा निर्वाचन/मतदान अधिकारीको काबुबाहिरको परिस्थिति उत्पन्न भएको अवस्थामा र कुनै उम्मेदवारको मृत्यु भई सो कुराको जानकारी मतदान प्रारम्भ हुन अगावै निर्वाचन

समितिलाई प्राप्त भएमा सो पदको लागि हुने मतदान स्थगित गरी उम्मेदवारको दरखास्तलगायतको नयाँ कार्यक्रम पुनः प्रकाशन र कार्यान्वयन गर्नु गराउनुपर्नेछ ।

(३) मतदानमा कुनै अनियमितता भएको शंका भएमा निर्वाचन समितिले सम्बन्धित ठाउँहरूमा निरीक्षण गर्न, अशक्त मतदाताहरूलाई विशेष व्यवस्था गर्न र निर्वाचन चिन्हको विशेष व्यवस्था गर्न सक्नेछ ।

(४) कसैले मतदानमा नाम ढाँटी मत दिन आएमा उम्मेदवार वा निजको वारिसले सो पदका लागि नामाङ्कनपत्र दाखिला गर्दा बुझाउनुपर्ने शुल्क बराबरको रकम धरौटी राखी निर्वाचन समितिसमक्ष विरोध गर्न पाउनेछ र निर्वाचन समितिले तत्काल बुझी त्यसको निर्णय गर्नेछ । विरोध ठीक नठहरेमा धरौटी जफत हुनेछ ।

५.८ वैध मत :

निर्वाचन समितिले हस्ताक्षर गरेको वा छाप लगाएको र उम्मेदवारको नामको निर्धारित स्थानमा रेजा चिह्न लगाई संकेत गरेको, तोकिएको पदको संख्याभन्दा बढी मत संकेत नगरेको र स्पष्ट मत संकेत गरेको मतपत्र मात्र सदर हुनेछ ।

५.९ मतगन्ती र निर्वाचन परिणामको घोषणा :

(१) निर्वाचन समितिले मतदान सम्पन्न भएपछि मतपेटिकामा खसेको सम्पूर्ण मतपत्र उम्मेदवार वा निजको प्रतिनिधिसमक्ष सकभर सिलसिला मिलाई गन्ती गरी वैध र अवैध मत छुट्याई सबैभन्दा बढी मत पाउने उम्मेदवारलाई बहुसंख्यक मतको आधारमा वा बराबर भएकोमा गोला हाली निर्वाचित उम्मेदवार निश्चित गरी सोको घोषणासहित सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) मतगन्ती तत्काल हुन नसक्ने स्थिति भए उम्मेदवार वा निजको वारिसको सामुन्ने मतपेटिका बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारिसहरूको समेत लाहाछाप लगाउनुपर्दछ र यथाशीघ्र उचित समयमा मतगन्ती गर्नुपर्नेछ ।

(३) एकै वा विभिन्न मितिमा वा एक वा एकभन्दा बढी केन्द्रहरूको व्यवस्था गरी निर्वाचन सम्पन्न भएपछि एकैपटक मतगणना र निर्वाचन परिणामको घोषणा गर्नुपर्नेछ ।

५.१० मुचुल्का गराउनु पर्ने :

निर्वाचन सम्पन्न गर्दा गराउँदा आवश्यक पर्ने अन्य कुराहरूका अतिरिक्त निर्वाचन सम्पन्न भएपछि निर्वाचन परिणाम सम्बन्धमा निर्वाचित वा पराजित उम्मेदवार र निजको प्रतिनिधि तथा सो निर्वाचन क्षेत्रमा उपस्थित अन्य दुई जना मतदाताको सही गराई मुचुल्का गराउनुपर्दछ ।

५.११ निर्वाचनसम्बन्धमा विविध व्यवस्थाः

(१) निर्वाचन समितिले कम्प्युटर एसोसिएसन नेपाल महासंघको विधान, २०७० र यस निर्देशिकासमेतको अधीनमा रही निर्वाचन सम्पन्न गरी सोसम्बन्धी पूर्ण विवरण यथाशक्य चाँडो केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ ।

(२) निर्वाचित हुने उम्मेदवारलाई सोही व्यहोराको प्रमाणपत्र दिनुपर्दछ । यस्तो प्रमाणपत्र वितरण तथा पदस्थापन का लागि छुट्टै समारोहको आयोजना गर्नु राम्रो हुनेछ ।

(३) निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भई ठोस निर्णय लिन नसकिने भएमा तत्काल केन्द्रीय कार्यालयमा खबर दिनुपर्नेछ र सो सम्बन्धमा यथासक्दो चाँडो केन्द्रिय समितिले आवश्यकता हेरी निर्णय गर्नेछ ।

(४) निर्वाचनसम्बन्धी अभिलेख अन्य कागजातसहित निर्वाचन भएको मितिले एक बर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

६. निर्वाचनसँग सम्बन्धित केही जानकारीहरू र विशेष व्यवस्था

१. जिल्ला कार्यसमितिको कार्यावधि तीन वर्षको हुनेछ । मनोनीत तथा निर्वाचित सदस्यहरूको पदावधि कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ । कुनै कारणवश कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा पनि कार्यावधि पूराभएको मानिनेछ ।

२. निर्धारित सदस्यहरूले मात्र निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन सक्नेछन् ।

३. निर्वाचन प्रयोजनका लागि शाखाहरूले तोकिएबमोजिम समयमा सदस्यता प्रदान गरेको र नवीकरण गरी वैधताकायम रहेको मतदाता नामावली प्रमाणित गरी समयमै केन्द्रमा पठाउनुपर्नेछ ।

४. निर्वाचन प्रक्रिया निर्वाचन समिति मनोनयन र मतदाता नामावली प्रमाणितगरी उपलब्ध गराएपछि मात्र अगाडि बढाउनुपर्दछ र निर्वाचन गोप्य मतदानद्वारा हुनेछ । निर्वाचन समितिले निर्वाचनसम्बन्धी विषयमा गरेको निर्णय नै अन्तिम हुनेछ ।

५. कार्यसमितिको निर्वाचनमा पदाधिकारी तथा सदस्यका लागि उम्मेदवार हुने व्यक्तिले आफ्नो जिम्मामा रहेको नगद वा जिन्सी निर्वाचन हुनुभन्दा अगावै सम्बन्धित शाखमा बुझाउनुपर्नेछ ।

६. जिल्ला शाखा तदर्थ समितिले तीन महिना भित्रमा बिधिवत निर्वाचन सम्पन्न गराउनुपर्दछ ।

७. शाखाको आर्थिक स्रोत व्यवस्था

शाखाको दैनिक प्रशासनिक कार्यसञ्चालन,सङ्गठनको विस्तार, जनशक्तिको विकास र सञ्चालन साथै भैरहेका गतिविधि तथा कार्यक्रमहरूको निरन्तरताका लागि आर्थिक स्रोतको आवश्यकता रहन्छ । आर्थिक स्रोत विकासका लागि शाखाले नियमित तथा आवश्यकतानुसार आन्तरिकरूपमा विभिन्न गतिविधिहरू स्वयं वा अन्य निकायहरूसँग सम्पर्क र समन्वय गरी सञ्चालन गर्नु आवश्यक छ ।

जिल्लाशाखाका आर्थिक स्रोतहरू देहायबमोजिम हुनेछन् :

(१) सदस्यता शुल्क :विधानमा व्यवस्था भएअनुरूप सदस्यहरूबाट प्राप्त हुने शुल्क
(२) अनुदान : कार्यक्रम संचालनार्थ कसैले स्वेच्छाले दिएको अनुदान वा सहायता रकम
(३) बाह्य सहयोग :विदेशी संघसंस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग प्राप्त रकम
(४) दानदातव्य, प्रदर्शनी तथा सभा सम्मेलन शुल्क : दान,उपहार,चन्दा,तालिम,गोष्ठी,कार्यशाला सञ्चालनबाट प्राप्त रकम
(५) चलअचल सम्पत्ति वा अन्य वस्तु: घर, कोठा, सटर भाडामा दिएबापत वा कुनै वस्तुको विक्रीबाट प्राप्त रकम
(६) नेपाल सरकार तथा स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगबापत प्राप्त रकम

जिल्ला शाखाको आर्थिक स्रोत बृद्धि गर्नका लागि स्थानीय रूपमा विशेष कार्यक्रमहरू सञ्चालन गरी विभिन्न स्रोतको विकास गर्न सकिन्छ । यसका लागि केन्द्रीय कार्यालय, जिल्ला शाखा तथा अन्य वाह्य निकायहरूबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी सञ्चालन गर्न पनि सकिन्छ ।

७.१ कोष सञ्चालन

(१) माथि उल्लेख भएका स्रोतहरूबाट प्राप्त रकम शाखाको नाममा एउटा कोष खडा गरी जिल्लाको कुनै बैंकमा जम्मा गरिनेछ ।
(२) कोष सामान्यतया सम्बन्धित निकायका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालित हुनेछ ।
(३) निश्चित, नियमित र निर्धारित कार्यक्रमहरूको सन्दर्भमा वा कार्य सञ्चालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही खर्च हुने रकमहरूको हकमा कोषाध्यक्षबाहेक कुनै पनि पदाधिकारीहरूलेअन्य पदाधिकारी, वा सदस्यलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछन् ।
(४) अक्षयकोषको रूपमा प्राप्त रकम बैंकको मुद्दती खातामा लगानीमा राखी त्यसको व्याज/प्रतिफलबाट निश्चित उद्देश्यको लागि नियमानुसार खर्च गर्न सकिनेछ ।
(५) जिल्ला शाखाले गरेका सम्पूर्ण आर्थिक कारोबार तथा क्रियाकलापको दायित्व स्वयं जिल्ला शाखा नै हुनेछ ।
(६) जिल्ला शाखाको आफ्नै बीलबिजक हुनेछ र सो कुरा केन्द्रबाट पूर्व स्वीकृत गरिनुपर्नेछ ।
(७) क्यान महासंघको शाखा हुनुपूर्व नै स्थापना भइसकेका क्यान जिल्ला शाखाहरूको सम्पूर्ण आर्थिक दायित्व क्यान महासंघको शाखा भएको मितिपछि मात्र लागू हुनेछ । त्यसभन्दा पहिलेको सम्पूर्ण आर्थिक दायित्व स्वयं जिल्ला शाखाले लिनुपर्नेछ ।

७.२ आर्थिक विवरण

७.२.१ आर्थिक विवरण

(१) हरेक वर्ष आर्थिक वर्ष पूरा भएको २ महिनाभित्र आम्दानी, खर्च र बचत रकम विवरण दुरूस्तैहुने गरी जिल्ला शाखाले कुनै अधिकार प्राप्त (रजिष्टर्ड) लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्दछ ।

(२) लेखापरीक्षण भएको गत वर्षको वासलात र लेखापरीक्षणको प्रतिवेदन जिल्ला सभाको वार्षिक अधिवेशनमा सम्बन्धित कोषाध्यक्षमार्फत पेश गर्नुपर्नेछ ।

(३) जिल्ला शाखाप्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित सभामा पारित भएपछि जिल्ला शाखाले केन्द्रमा अनिवार्य रूपमा १५ दिनभित्र पठाउनुपर्नेछ ।

(४) विधानत: श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मानिएकोले सो अनुरूप नै गर्नुपर्नेछ ।

(५) लेखापरीक्षकले दिएको सुझावको पुनरवलोकन गरी कार्यान्वयन गर्ने र हिसाव किताव आम्दानी खर्चको आर्थिक विवरण क्यान महासंघको आर्थिक नियमावलीअनुरूप राख्नुपर्नेछ ।

७.२.२ जिन्सी विवरण

(१) शाखामा भएको सम्पूर्ण भौतिक सम्पतिहरू जिन्सी खातामा अद्यावधिक गर्नुपर्नेछ । जिन्सी खाता आर्थिक नियमावलीअनुसार गर्नुपर्नेछ ।

(२) भौतिकपरीक्षण हरेक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र शाखाले तोकेको भौतिकपरीक्षण टोलीद्वारा भौतिकपरीक्षण गर्ने गराउने र सोको प्रतिवेदन जिल्ला शाखामादिनुपर्नेछ । भौतिकपरीक्षण टोलीले औंल्याएका सुझावहरू कार्यान्वयन सम्बन्धित शाखाले गर्नुपर्नेछ ।

८. कार्यसमितिको बैठक र सञ्चालन प्रक्रिया

कार्यसमितिको बैठक प्रत्येक ३ महिनामा एक पटकहुनुपर्नेछ । यस्तो बैठक सबै सदस्यहरूलाई अनुकूल पर्ने दिन, समय र स्थानमा गर्न सकिन्छ । सम्भव भए हरेक महिनाको कुनै निश्चित मिति (गते बार)मा बैठक बस्नु राम्रो हुन्छ । यसका लागि कार्यतालिका निर्माणका साथै बैठकद्वारा निश्चित दिन, समय र स्थानबारे पूर्व निर्णय गरी राख्नु उत्तम हुनेछ । यसबाट सदस्यहरूलाई बैठक बस्ने दिन स्मरण गर्न सघाउ पुग्ने हुँदा सूचना गर्ने झन्झट पनि कम हुन्छ । जिल्ला कार्यसमितिको बैठक शाखा कार्यालयमा नै सञ्चालन हुनु उत्तम हुनेछ ।

८.१. कार्यसमितिको बैठक सञ्चालन तरीका :

(१) कार्यसमितिको बैठक बोलाउने सूचना जिल्ला कार्यसमितिको हकमा अध्यक्षको निर्देशानुसार सचिवले सदस्यहरूलाई विशेष बैठकबाहेक ३ दिन अगावै लिखित रूपमा दिनुपर्नेछ । SMS वा इमेल सञ्चारलाई पनि आधिकारिक मानिनेछ ।

(२) बैठकमा छलफल गरिने प्रस्तावित विषयहरू सूचनामा उल्लेख गरिएको हुनपर्छ । धेरै विषयमा छलफल गर्नुपर्ने भएमा मुख्य-मुख्य विषयहरू उल्लेख गरी अन्तमा एक विषय विविध पनि उल्लेख गर्नु वाञ्छनीय हुन्छ । विविधमा छलफल गरिंदा विषय सूची (Agenda) मा उल्लेख नभएका विषयहरू छलफल गरिन्छ ।

(३) कुनै पनि कार्यसमितिको सदस्यले नयाँ विषय प्रस्ताव गर्न चाहेमा बैठक हुनुभन्दा अगावै जिल्ला शाखाको हकमा सचिवसमक्ष लिखित प्रस्ताव दिनुपर्छ । त्यो गर्न नभ्याउने भएमा बैठकमा नै त्यस्तो प्रस्ताव लिखित रूपमा प्रस्तावित भई कार्यसमितिको सहमतिमा सो प्रस्तावमा छलफल गर्नु आवश्यक छ भन्ने निर्णय गरेपछि मात्र त्यसलाई कार्यसूचीको रूपमा छलफल गरी निर्णय लिइनुपर्दछ ।

(४) अध्यक्ष वा निजको अनुपस्थितिमा उपाध्यक्ष वा सो पनि नभएमा उपस्थितमध्येबाट छानिएको एकजना सदस्यको अध्यक्षत्वमा सञ्चालित हुनेछ ।

(५) सचिवले कार्यसूचीमा छलफल हुनुभन्दा पहिले सामान्यतया अघिल्लो बैठकमा गरेका निर्णयहरूको जानकारी दिनुपर्छ र सो अनुसार कार्य भएको छ वा छैन, राम्ररी छलफल हुनु राम्रो हुन्छ ।

(६) कुनै पनि समिति, उपसमिति र आयोगको बैठकको लागि गणपूरक संख्या (Quorum) ५१ प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ । तर महत्वपूर्ण विषयहरूमा निर्णय गर्नुपर्दा सर्वसम्मत तरिकाबाट गर्नु उपयुक्त हुन्छ । सो नभएमा उपस्थितमध्ये ५१ प्रतिशत वा सोभन्दा बढी सदस्यहरूको उपस्थितिमा गर्नुपर्नेछ ।

(७) बैठकमा छलफल गर्दा सबैले अध्यक्षलाई सम्बोधन गरेर बोल्नुपर्छ ।

(८) बोल्न चाहने सदस्यले अध्यक्षलाई जनाउ दिएर अनुमति पाएअनुसार बोल्नुपर्छ ।

(९) प्रस्तावहरूमा छलफल हुँदा सकेसम्म प्रस्तावलाई सर्वसम्मतिले पास गर्ने प्रयास गर्नुपर्छ ।

(१०) बैठकमा कुनै विषयमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(११) बैठकको निर्णय सकभर सोही दिन लिखितरूपमा तयार गरी कम्तीमा पनि अध्यक्ष १ जनाबाट दस्तखत गराइराख्नुपर्दछ । यस्तो निर्णय कुनैपनि कामको प्रयोजनका लागि सचिवद्वारा प्रमाणित गर्नुपर्नेछ ।

(१२) बैठकमा प्रमुख कर्मचारी बस्नु वाञ्छनीय हुनेछ । निजले कार्यक्रम तथा गतिविधिहरूको जानकारी गराउन सम्बन्धित पदाधिकारीलाई सहयोग गर्नुपर्नेछ ।

९. अवधि, चिह्न, छाप, झण्डा, कार्यालय सञ्चालन र अभिलेख

९.१ कार्यावधि

महासंघको केन्द्रीय समिति तथा जिल्ला समितिको पदावधि निर्वाचन भएका मितिले ३(तीन) वर्षको हुनेछ ।

९.२. छाप र चिह्न,

वृत्ताकार आकृतिमा CAN Federation लेखिएको विधानको अनुसूची २ मा तोकिएबमोजिम संस्थाको छाप र चिह्न हुनेछ ।

९.३. कार्यालय स्थापना र सञ्चालन

(१) जिल्लाभित्र पर्ने गरी सदरमुकाम वा अन्य उपयुक्त ठाउँमा जिल्ला शाखा कार्यसमितिको निर्णयद्वारा शाखा कार्यालय स्थापना र सञ्चालनको व्यवस्था गर्न सकिनेछ ।

(२) कार्यालय सकभर आफ्नै भवनमा रहनु उत्तम हुनेछ । कार्यालयमा सूचना पाटीसहित खुल्ने समयको जानकारी सार्वजनिकरूपमा थाहा पाउन सकिने गरी राख्नुपर्नेछ । सामान्यतया जुनसुकै अवस्थामा कार्यालयको सञ्चालन हुन सक्ने व्यवस्था मिलाउनुपर्दछ ।

सामान्यतया हप्तामा ६ दिन र ४० घण्टामा नघटाई कार्यालय सञ्चालन हुनु अनिवार्य हुनेछ ।

(३) कार्यालय सञ्चालनको जिम्मा जिल्ला शाखाका सचिवले लिनुपर्दछ । अनुपस्थित रहने अवस्थामा क्रमशः अन्य सदस्यलाई कार्यालय सञ्चालन सम्बन्धी जिम्मेवारी दिनुपर्दछ ।

(४) कार्यालय सञ्चालन नियमित भए-नभएको रेखदेखको जिम्मेवारी वा आवश्यक व्यवस्था गर्ने दायित्व अध्यक्षमा रहनेछ ।

(५) कर्मचारी भएमा निजहरू समेतको सहयोग लिई तोकिएबमोजिमका अभिलेखहरू राख्नु पनि उत्तिकै जरूरी छ भने परियोजनाहरू सञ्चालन भएका शाखाहरूमा ती परियोजनामा कार्यरत कर्मचारीहरूबाट शाखाको संङ्गठनात्मक विकासमा सहयोग लिन सकिने छ ।

(६) जिल्ला शाखा कार्यसमितिबाट आर्थिक व्यवस्था र कर्मचारीको नियुक्ति, सेवा, सुविधा लगायत कार्यविभाजनसम्बन्धी प्रष्ट नियमावली निर्माण गरी सोको कार्यान्वयन गर्नुपर्नेछ । यसरी तयार हुने नियमावली जिल्ला शाखाले केन्द्रलाई १/१ प्रति उपलब्ध गराउनुपर्नेछ । यसको लागि केन्द्रीय कार्यालयद्वारा प्रयोगमा ल्याइएको नियमावलीलाई आधार मानी विकास गर्न सकिनेछ ।

खण्ड - ख
जिल्ला सभा र जिल्ला कार्यसमिति

१. जिल्ला सभाको गठन तथा काम-कर्तब्य

१.१ जिल्ला सभाको गठन

१) जिल्ला सभा कम्प्युटर एसोसिएसन नेपाल महासंघकोजिल्लास्तरीय नीति निर्माण गर्ने व्यवस्थापिका हो । जिल्ला कार्यसमिति जिल्ला सभाप्रति उत्तरदायी हुनेछ ।

२) जिल्ला सभाको गठन यस प्रकार हुनेछ :-
   क) जिल्ला कार्यसमितिका सदस्यहरू,
   ख) सभापति परिषद सदस्यहरु,
   ग) सदस्यहरू

१.२ जिल्ला सभाको अधिवेशन

१. जिल्ला कार्यसमितिले कार्यसूचीसहित २१ दिनअगावै सम्बन्धित जिल्लाको प्रत्येक सदस्यलाई अधिवेशन हुने स्थान र मितिको लिखित सूचना दिई कम्तीमा वर्षको १ पटक सभा बोलाउनुपर्दछ । यसरी पठाउनुपर्ने सूचना उपशाखाबाट आउने सभासद्का लागि सम्बन्धित उपशाखा कार्यालयमा पठाउनुपर्दछ । साथै जिल्ला सभाको अधिवेशनमा प्रस्तुत प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन अधिवेशन सकिनासाथ केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ ।

२. जिल्ला कार्यसमितिको आव्हानमा वा जिल्ला सभाका एक तृतीयांश सदस्यले मनासिब कारण देखाई अधिवेशनको माग गरेमा १५ दिनभित्रै जिल्ला सभाको विशेष अधिवेशन ७ दिनको लिखित सूचना दिई बोलाउनुपर्दछ ।

१.३ जिल्ला सभाको काम, कर्तव्य तथा अधिकार

जिल्ला शाखाको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि जिल्ला कार्यसमितिलाई निर्देशन दिने,जिल्ला कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(१) सभासद्हरूमध्येबाट तोकिएबमेजिम जिल्ला कार्यसमितिका सदस्यहरूको निर्वाचन गर्ने,
(२) जिल्ला सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,
(३) जिल्लामा कम्प्युटर एसोसिएसन नेपाल महासंघको सार्वजनिक रूपमा व्यापक प्रचार–प्रसार गर्ने, गराउने र
(४) जिल्लामा कम्प्युटर एसोसिएसन नेपाल महासंघको आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने ।
(५) लेखा परिक्षकको नियुक्ती गर्ने ।

२. जिल्ला कार्यसमितिको गठन,काम,कर्तब्य र अधिकार

कम्प्युटर एसोसिएसन नेपाल महासंघको उद्देश्य, दूरदृष्टी, दूरगामी लक्ष्य र केन्द्रीय कार्यसमितिले निर्धारित गरेको संस्थाको रणनीतिक उद्देश्य तथा मूल कार्यक्रमहरूभित्र रही जिल्ला शाखाले पनि आफ्नो स्रोत र साधनको प्रयोग गरी कार्यान्वयन गर्न आवश्यक छ । संस्थाको उद्देश्य प्राप्तिका लागि विधानमा जिल्ला कार्यसमितिको व्यवस्था रहेको छ । यसको गठन,काम, कर्तब्य र अधिकार यस प्रकार भएको पाइन्छ ।

२.१ गठन

(१) जिल्ला शाखाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि अध्यक्षलगायत ११ जनासम्मको एक जिल्ला शाखा कार्यसमिति रहनेछ ।

(२) ११ जनासम्म सदस्यहरूको निर्वाचन सम्बन्धित समूहबाट भएपछि उक्त निर्वाचित सदस्यहरूमध्येबाट अध्यक्षद्वारा कार्यसमितिसँग परामर्श गरी देहायबमोजिम पदाधिकारीहरूको पदभार निर्धारण गरिनेछ :-

क. अध्यक्ष १ जना ख. उपाध्यक्ष १ जना ग. सचिव १ जना
घ. सहसचिव १ जना ङ कोषाध्यक्ष १ जना रहनेछन् ।

(३) जिल्ला कार्यसमितिको कार्यावधि विधानबमोजिम ३ वर्षको हुनेछ । मनोनीत तथा निर्वाचित सदस्यहरूको पदावधि कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ । कुनै कारणवश कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा पनि कार्यावधि सिद्धिएको मानिनेछ ।

(५) जिल्ला कार्यसमिति जिल्ला सभाप्रति उत्तरदायी हुनेछ ।

(६) अध्यक्षको निर्देशानुसार सचिवले जिल्ला कार्यसमितिको बैठक साधारणतया तीन महिनामा एक पटक बोलाउनेछ । बैठक बोलाउने सूचना सबै सदस्यहरूलाई विशेष बैठकबाहेक ३ दिनअगावै लिखित रूपमा दिनुपर्नेछ ।

(७) अध्यक्षले नबोलाएमा उपाध्यक्षले, उपाध्यक्षले पनि नबोलाएमा कार्यसमितिका एक-तृतीयांश सदस्यको आग्रहमा जिल्ला कार्यसमितिको बैठक बोलाइनेछ ।

(८) कुनै पनि सदस्य मुनासिब कारणविना लगातार तीनपटक बैठकमा अनुपस्थित भएमा जिल्ला कार्यसमितिले त्यस्ता व्यक्तिलाई जिल्ला कार्यसमितिको सदस्यबाट हटाउन सक्नेछ ।

२.२ जिल्ला सभाको काम, कर्तव्य र अधिकार :

जिल्ला सभाको निर्देशनको अधीनमारही जिल्ला कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-

१) जिल्ला सभामा वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी वर्षको कार्यक्रम, लेखापरीक्षणको प्रतिवेदन र आय-व्ययको अनुमान (बजेट) निर्णयार्थ पेश गर्ने,

२) केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिबाट प्रतिपादित नीति, निर्देशनको पालना गर्ने,

३) जिल्लामा क्यान महासंघका सिद्धान्तअनुरूप कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

४) केन्द्रीय कार्यसमिति तथा जिल्ला सभाद्वारा दिइएका निर्देशन पालन गर्ने र जिल्ला शाखाका अनिवार्य दायित्वहरू पूरा गर्ने, गराउने ,

५) केन्द्रीय कार्यालयमा नियमित सम्पर्क गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने

६) कुनै राष्ट्रिय, अन्तर्राष्ट्रिय वा सरकारी निकाय/नियोगको सहयोगमा सञ्चालित कार्यक्रम/परियोजना भएमा केन्द्रलाई आवधिक प्रतिवेदन पठाउने,

७) जिल्लामा सङ्गठनसम्बन्धी कार्य, मूल्याङ्कन तथा आवश्यकताअनुसार अन्य कार्य गर्ने,

८) आवश्यकतानुसार उपसमितिको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,

९) चल-अचल सम्पत्ति खरीद गर्ने र अन्य कुनै किसिमसँग हक छोडाई लिने तर अचल सम्पत्ति बिक्री गर्नुपरेमा वा हक छाडी दिनुपरेमा केन्द्रीय कार्यसमितिको पूर्व-स्वीकृति लिई मात्र गर्ने,

१०) कुनै स्वदेशी व्यक्ति वा अन्य संस्था/निकायसँग प्रचलित कानुनबमोजिम सम्झौता गर्ने, गराउने,

११) प्रत्येक आर्थिक वर्ष तोकिएबमोजिमको सदस्यता शुल्कको रकम केन्द्रीय कार्यालयलाई बुझाउने,

१२) कुनै कारणवश अध्यक्षको पद रिक्त हुन गएमा उपाध्यक्षले कार्यबाहक अध्यक्षको रूपमा काम गर्ने र जिल्ला सभाको आगामी अधिवेशनमा बाँकी अवधिका लागि अध्यक्षको निर्वाचन गराई पदपूर्ति गर्ने,

१३) कुनै कारणवश जिल्ला कार्यसमितिको कुनै सदस्यको पद रिक्त भएमा जिल्ला सभासद्मध्येबाट बाँकी अवधिको लागि मनोनयन गरी पदपूर्ति गर्ने,

१४) आवश्यकतानुसार कर्मचारीको दरबन्दी सृजना, नियुक्ति र खारेज आदि व्यवस्था गर्ने, गराउने

१५) आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने,

१६) यस विधानमा व्यवस्था भएबमोजिम आवश्यक अन्य कार्य गर्ने, गराउने र

१७) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

२.३ पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार :

२.३.१ अध्यक्षका काम, कर्तव्य र अधिकार :-

जिल्ला सभा र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्

(१) जिल्ला सभा र जिल्ला कार्यसमितिद्वारा दिइएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(२) केन्द्रीय कार्यसमितिद्वारा दिइएका निर्देशन पालन गर्ने, गराउने,

(३) आफ्नो शाखाको सम्पत्तिको जिम्मा लिने, रेखदेख र नियन्त्रण गर्ने, गराउने,

(४) विधानमा तोकिएबमोजिमबाहेक आवश्यकतानुसार पदाधिकारी तथा सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा निर्देशन दिने,

(५) कुनै कारणवश अध्यक्षबाहेक कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि कार्यसमितिको परामर्श लिई समितिका सदस्यहरूमध्येबाट मनोनयन गरी पदपूर्ति गर्ने,

(६) देशभित्रका कुनै व्यक्ति, संस्था वा सरकारी निकायसँग संस्थाको हितमा सम्झौता गरी सोको कार्यान्वयन गर्ने, गराउने र

(७) जिल्ला कार्यसमितिको बैठक नबसेको अवस्थामा जिल्लामा क्यान महासंघसम्बन्धी कुनै काम गर्न आवश्यक भएमा सो काम गरी जिल्ला कार्यसमितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

२.३.२ उपाध्यक्षका काम, कर्तब्य र अधिकार :-

अध्यक्ष र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(१) अध्यक्षका कार्यहरूमध्ये निजबाट तोकिएका कार्य गर्ने,

(२) अध्यक्षको अनुपस्थितिमा निजले तोकेको उपाध्यक्षले अध्यक्षको काम गर्ने र कुनै कारणवश अध्यक्षको पद रिक्त हुन गएमा जिल्ला कार्यसमितिका उपाध्यक्षले आगामी अधिवेशनमा सो पदका लागि हुने निर्वाचनसम्म कार्यवाहक अध्यक्षको रूपमा काम गर्ने ।

(३) संस्थाको हितसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

२.३.३ सचिवका काम, कर्तब्य र अधिकार :-

अध्यक्ष र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी जिल्ला शाखाको व्यवस्थापन गर्न सचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(१) अध्यक्षको निर्देशानुसार जिल्ला कार्यसमितिको बैठक र जिल्ला कार्यसमितिको निर्णयानुसार जिल्ला सभाको अधिवेशन बोलाउने।

(२) जिल्ला शाखा कार्यालयको दैनिक प्रशासन हेर्ने, रेखदेख र नियन्त्रण गर्ने, कार्यक्रम तथा परियोजनाको कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने ।

(३) जिल्ला सभा तथा जिल्ला कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, निर्णय अभिलेखन गर्ने, सुरक्षित राख्ने, राख्न लगाउने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने ।

(४) जिल्ला कार्यसमितिको तर्फबाट जिल्ला सभामा जिल्ला कार्यसमितिको वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने ।

(५) जिल्ला सभा एवं जिल्ला कार्यसमितिको बैठकको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्ने, गराउने ।

(६) जिल्ला सभाद्वारा पारित बजेट, वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम केन्द्रीय कार्यसमितिमा पठाउने ।

(७) जिल्ला शाखा कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजातहरू प्रमाणित गर्नेगराउने ।

(८) अध्यक्षलाई आफ्ना नियमित कार्यसम्पादनलगायत विशेष परिस्थिति सम्बन्धमा आवश्यक जानकारीगराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने ।

२.३.४ कोषाध्यक्षका काम, कर्तब्य र अधिकार :-

अध्यक्ष र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(१) जिल्ला कार्यसमितिका तर्फबाट जिल्ला सभामा शाखाको वार्षिक आर्थिक प्रतिवेदनलगायत लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको प्रस्तावित आय-व्ययको विवरण (बजेट) पेश गर्ने,

(२) जिल्ला कार्यसमितिले निर्धारण गरेबमोजिम शाखाको हिसाब-किताब राख्ने, राख्न लगाउने,

(३) शाखाको आर्थिक व्यवस्थापनसम्बन्धी सबै विषयहरूको जिम्मेवारी लिने,

(४) आर्थिक व्यवस्थापनको अनुगमन, निरीक्षण, निर्देशन र नियन्त्रण गर्ने गराउने र

(५) आर्थिक स्रोत व्यवस्थापनसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमको विकास गर्ने, गराउने ।

२.३.५ सहसचिवका काम, कर्तव्य र अधिकार :-

अध्यक्ष र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसचिवका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछन् :

(१) सचिवको अनुपस्थितिमा निजको काम गर्ने ।

(२) अध्यक्षद्वारा निर्देशित वा सचिवबाट प्रत्यायोजित कामहरू गर्ने ।

२.३.६ सदस्यहरूका काम, कर्तब्य र अधिकार :-

सदस्यहरूका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछन् :

(१) जिल्ला कार्यसमितिद्वारा निर्धारण भएबमोजिमको क्षेत्रमा नियमित सम्पर्क, रेखदेख, समन्वय र क्यान महासंघसम्बन्धी जानकारी प्रचार-प्रसार गर्ने,गराउने,

(२) तोकिएका क्षेत्रमा आफ्नो कार्यकालमा वर्षको कम्तीमा १ पटक भ्रमण गर्ने,

(३) आफूलाई तोकिएका कार्यक्रममा स्वयं वा अन्य जिल्लास्तरीय प्रतिनिधि उपस्थित गराउन प्रयास गर्ने,

(४) सम्बन्धित कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुऱ्याउने,

(५) आचारसंहिताको पालना सुनिश्चित गर्ने, गराउने र

(६) जिल्ला कार्यसमितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने ।

३. जिल्ला तदर्थ समितिको व्यवस्था

१) कुनै पनि जिल्लामा स्थानीय अपरिहार्य कारणवश विधिवत् जिल्ला कार्यसमिति गठन हुन सक्ने स्थिति नभएमा केन्द्रीय कार्यसमितिले ११ जनासम्मको कम्प्युटर एसोसिएसन नेपाल महासंघ जिल्ला तदर्थ समिति गठन गर्न सक्नेछ :

२) जिल्ला तदर्थ समितिका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछन् :-

(क) विधानअनुसार विधिवत् शाखा सञ्चालन र जिल्ला कार्यसमितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,

(ख) विधानअनुसार जिल्ला शाखाले गर्नुपर्ने अन्य काम-काज गर्ने र

(ग) यस्तो समितिका १ जना प्रतिनिधिले केन्द्रीय सभामा पर्यवेक्षकको रूपमा भाग लिई प्रतिवेदन पेश गर्ने । तर उक्त प्रतिनिधिहरूले मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन पाउनेछैनन् ।

३) जिल्ला तदर्थ समितिको कार्यावधि बढीमा तीन महिनाको हुनेछ ।

४) तदर्थ समितिको स्वरूप

(क) संयोजक	१ जना
(ख) सचिव	१ जना ,
(ग) कोषाध्यक्ष	१ जना
(घ) सदस्य	८ जना

५) तदर्थ समितिका संयोजकले सदस्यहरूमध्येबाट आवश्यकतानुसार कार्यालय व्यवस्थापनका लागि सहयोगीको रूपमा सचिव र आर्थिक व्यवस्थापनका लागि सहयोगीको रूपमा कोषाध्यक्षको व्यवस्था गर्न सकिनेछ ।

६) जिल्ला तदर्थ समितिले प्राप्त जिम्मेवारीअनुसार निर्धारित समयभन्दा अगावै जिल्ला कार्यसमितिको निर्वाचन सम्पन्न गरेको लगत्तै कार्यावधि पूरा हुनेछ ।

७) तदर्थ समितिले नवनिर्वाचित कार्यसमितिलाई तदर्थ समितिको अवधिमा भए गरेका व्यवस्थापकीय कार्यका साथै आर्थिक व्यवस्थापनका सम्पूर्ण कागजात उपलब्ध गराउनु प्रमुख कर्तब्य हुनेछ ।

खण्ड - ग
विविध

१. जिल्ला शाखाको केन्द्रसँग सम्बन्ध

१.१. जिल्ला शाखाको भूमिका

१. नियमित रूपमा सेवा कार्यहरू र सङ्गठनात्मक प्रगतिको प्रतिवेदन केन्द्रमा पठाउने,
२. क्यान महासंघसम्बन्धी तालिम, गोष्ठी, अध्ययन भ्रमण र परियोजनाहरूको सञ्चालन गर्ने,
३. प्रत्येक वर्ष वार्षिक आय-व्ययको लेखापरीक्षण गराई प्रतिवेदन केन्द्रमा पठाउने,
४. तोकिएको शुल्क आर्थिक वर्ष शुरू हुनासाथ केन्द्रमा पठाई शाखाको वैधानिकतालाई कायम राख्ने,
५. क्यान महासंघको विधान र सिद्धान्तहरूको पालना गर्दै सेवा कार्य गर्ने,
६. आवश्यकतानुसार नियमित रूपमा सूचना केन्द्रलाई उपलब्ध गराउने ,
७. केन्द्रीय निर्देशनहरूको पालना गर्ने,
८. जिल्लाका विभिन्न संघ संस्थासँग समन्वय गर्ने
९. शाखाबाट विधानको पालना गर्न आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने, गराउने,
१०. शाखाको सेवा र विशेषज्ञहरूको व्यवस्था मिलाई प्राविधिक कार्य दुरुस्त गर्ने ।
११. शाखा र नेपालस्थित अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समन्वय गरी सञ्चालन गरिने कार्यक्रमका लागि आवश्यक प्राविधिक सहयोग पुऱ्याउने ।
१२. स्वस्थ, सक्षम र सवल शाखा विकासका लागि आवश्यक सल्लाह तथा सुझाव लिने ।
१३. शाखाका कार्यक्रमहरूको विकास गर्न प्रयत्नशील रहने ।
१४. क्षमता विकासका सूचाङ्कहरूको तर्जुमा गरी आवधिक रूपमा मूल्याङ्कन गर्ने ।
१५. शाखाको संस्थागत विकासको लागि क्षमताविकास हुने कार्यक्रमको आयोजना र सहभागिता गराउने ।

२. जिल्ला शाखाको मूल्याङ्कन

कम्प्युटर एसोसिएसन नेपाल महासंघका जिल्ला शाखाहरूद्वारा सञ्चालन गरिएका कार्यक्रम तथा गतिविधिहरूको आधारमा वार्षिक मूल्याङ्कन गरिने परम्परा बसालिनेछ । यस मूल्याङ्कन प्रक्रियाबाट शाखाहरूलाई उत्प्रेरणा प्रदान गर्नुका साथै शाखाका लागि आवश्यक प्राविधिक सहयोग पुऱ्याउन केन्द्रलाई सजिलो हुनेछ ।

३. नमुना पठाउने: यस निर्देशिकासँग सम्बन्धित फाराम लगायतका नमुनाहरू आवश्यकतानुसार केन्द्रबाट तयार गरी जिल्ला शाखाहरूलाई पठाउन सकिनेछ ।

४. बाधा अड्काउ फुकाउने: यस निर्देशिकाले नसमेटिएका, विधानमा स्पष्ट व्यवस्था नभएका वा बाझिएका वा भ्रम सिर्जना हुने खालका कुनै विषयवस्तु देखापरेमा विधानको आशयअनुरूप आश्यक व्यवस्था गरी व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने दायित्व महासंघको केन्द्रीय कार्यसमितिमा रहनेछ ।